# <u>सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) नियमावली, २०८०</u>

नेपाल राजपत्रमा प्रकाशन मिति
२०८०।१०।०४

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरुको नाम "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ मा संशोधन</u>**: सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ को नियम १२ को;-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने व्यक्ति, संस्था वा निकायले यो उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र त्यस्तो वन्यजन्तु दर्ताको लागि उपनियम (१) मा उल्लिखित ढाँचामा व्यवस्थापन निकाय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।"

(२) उपनियम (२) र (४) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) वा (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय